# आ.व.२०७८/७९ का लागि योजना, कार्यक्रमहरु तथा वजेट विनियोजन
# बुढीनन्दा नगरपालिका
# कोल्टी, बाजुरा

## बुढीनन्दा नगरपालिका आर्थिक बर्ष २०७८/०७९ को बजेट नीति तथा कार्यक्रम

यस ऐतिहासिक नगरसभाका अध्यक्षज्यू,
नगर कार्यपालिका सदस्यज्यूहरु,
नगर सभाका सदस्यज्यूहरु,
बिषयगत शाखाका प्रमुख एवम् प्रतिनिधिज्युहरु,
तथा सम्पुर्ण कर्मचारीज्यूहरु,

सर्वप्रथम म नेपाली जनतालाई अधिकार सम्पन्न गर्न बिभिन्न समयमा संचालन भएका आन्दोलनहरुमा आफ्नो जीवन उत्षर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान गर्दै उहाँहरु प्रति भाव पुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। सविधानको मर्म अनुरुप जनप्रतिनिधहरु लाई लोकतान्त्रिक पद्धति मार्फत संघीय शासनको प्रणालीलाई थप संस्थागत गर्ने जिम्मेवारीका साथ संघियता कार्यान्वयनका लागि २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनको निर्वाचित सरकारको तर्फ बाट पाँचौ बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाका भाइरसका **(Covid 19)** कारण सम्पुर्ण विश्व आक्रान्त भइरहेको यस विषम परिस्थितिमा यस नगरपालिकाले समेत आर्थिक संकटको सामना गर्नुपरेको छ। आगामी आर्थिक बर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्दै र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुनुपर्नेमा आवश्यक छ।

राज्यले दिएको अधिकारलाई हामीले आफ्नो कार्यक्षेत्रमा मौलिक ढंगले संस्थागत गर्नुछ र हाम्रो नगरपालिकालाई आत्मनिर्भरको दिशातर्फ कुशलतापुर्वक र दुरदर्शिताका साथ प्रक्षेपण गर्नु पर्दछ। यस नगरपालिकालाई देशकै नमुना नगरपालिकाको रुपमा विकसित भएको हेर्न नगरपालिकावासी हरुको चाहानालाई आफ्नो प्रतिवद्धताको रुपमा ग्रहण गरेर पुरा गर्न कटिवद्ध हुन आवश्यक छ। अझै हामीले गर्नुपर्ने महत्वपुर्ण काम बाँकी भएकाले जनताको हितलाई सर्वोपरि राखि कार्य गर्न आवश्यक छ। यी सवै आवश्यकताहरु लाई सामर्थ्य र प्राथमिकतामा राखेर तदारुकताका साथ सम्पन्न गर्नु पर्ने अभिभारा भएकाले हामीले यो ऐतिहासीक नगरसभा मार्फत हाम्रा अल्पकालिन तथा दीर्घकालिन लक्ष्यहरुलाई सम्वोधन गर्ने गरी तत्कालिन लक्ष्यहरु निर्धारण गरेका छौं साथै अहिले सम्मको अध्ययन तथा आवश्यकता का आधारमा प्राथमिकता निर्धारण गरिएको छ। नगरपालिकाले बजेटमा समेट्न नसकेका योजना तथा कार्यक्रमहरु नेपाल सरकार र प्रदेश सरकार तथा अन्य दातृनिकाय संग आवश्यक पहल गरि माग गरिनेछ।

यस बुढीनन्दा नगरपालिकाले **"दिगो विकास सहित खुसी र सुखी नगरवासी समृद्ध नगर"** भन्ने दुरदृष्टि सहित जनता केन्द्रित सन्तुलित तथा समावेशी विकास सहितको समाजवाद उन्मुख बुढीनन्दाको अभियानलाई मार्ग निर्देशन गर्ने गरी निर्दिष्ठ गरेका लक्ष्यहरु हाँसिल गर्ने मुख्य उद्देश्यहरु सहित नगर पाश्र्वचित्रले समेत देखाएका आवश्यकताहरुका आधारमा वजेट विनियोजन भएको तथा आर्थिक वर्षको उत्तरार्धको समय, जसमा अत्यधिक योजना संचालनका गतिविधीहरु सम्पन्न गरिन्छन,उक्त समयमा देखिएको कोरोना भाइरस नामक विश्वव्यापी महामारीको सामनायस नगरपालीकाले समेत गर्नु परेकाले जटिल परिस्थितीको वावजुद संचालन भएका गतिविधीहरुवाट प्राप्त प्रतिफलहरुको निम्न अनुसार समिक्षा गरिएको छ।

**नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरु**

अब म यस आ.व. २०७७/७८ मा हाल सम्म संचालित मुख्य योजनाहरु तथा क्रियाकलाप, वजेट र खर्चको विवरण, मुख्य उपलव्धिहरु र सिकाईहरु प्रस्तुत गर्न चाहन्छु।

### आ.व. २०७७/०७८ को जेष्ठ मसान्त सम्मको स्रोत अनुसार प्रस्तावित र वास्तविक आयको विवरण

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय |
|---|---|---|
| संघीय सरकार | ३४,५०,११,८१० | ३२,९५,७१,८१० |
| प्रदेश सरकार | २,८७,५८,००० | २,८७,५८,००० |
| राजस्व बाडफाड | ७,८१,१६,१७० | ५,६७,५७,५३६.२० |
| अन्तरिक श्रोत | २,०५,५२,५५३.९८ | ७,९८,३२१ |
| अल्या/नगद | १,९५,०२,५५३.९८ | १९०५२५५३.९८ |
| जम्मा | ४७,२४,३८,५३३.९८ | ४३४९३८२२१.१८ |

### आ.व.२०७७/०७८ को जेष्ठ मसान्त सम्मको खर्चको विवरण

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(% |
|---|---|---|---|
| चालुखर्च | २७,८२,०८,५३३.९८ | १७,८७,७९,१५१.२७ | ६४.२६ |
| पूंजीगत | १९,७०,७१,००० | ५,३९,८०,६६५.१४ | २७.३९ |
| जम्मा | ४७,५२,७९,५३३.९८ | २३,२७,५९,८१६.४१ | ४८.९७ |

## आ.व.२०७७/०७८ को जेष्ठ मसान्त सम्मको क्षेत्र/उप क्षेत्र प्रगति विवरण

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,६१,०८,९६० | १,६२,४६,३९२.४७ | २८.९६ |
| १ | कृषि | १,३७,२८,९६० | ५१,५७,२१५ | ३७.५६ |
| २ | उद्योग | ३६,००,००० | १४,५८,८७५ | ४०.५२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | पर्यटन | ६९,३०,००० | ३९,५९,२२० | ५७.१३ |
| ४ | वित्तीयक्षेत्र | २,४०,००,००० | २६,७८,२२८.०२ | ११.१६ |
| ५ | जलश्रोत तथा सिंचाई | ३५,००,००० | २०,६२,८६९.७२ | ५८.९४ |
| ६ | पशुपन्छी विकास | ११,००,००० | ९,२९,९८४.७३ | ८४.५४ |
| ७ | भूमि व्यवस्था | ३२,५०,००० | ० | ० |
| २ | सामाजिक विकास | २३,०४,३५,७५० | १२,०४,०६,६३४.९० | ५२.२५ |
| १ | शिक्षा | १३,८९,४५,२०० | ७,८६,२९,९०४ | ५६.५९ |
| २ | स्वास्थ्य | ५,७८,८०,३५० | ३,३८,५६,१२५.५० | ५८.४९ |
| ३ | खानेपानीतथा सरसफाई | १,०३,३७,००० | ४१,११,२९० | ३९.७७ |
| ४ | भाषा तथा संस्कृति | १,००,००० | ० | ० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५५,६२,२०० | २५,४७,९०५ | ४५.८१ |
| ६ | युवातथा खेलकुद | १,५०,००० | ५०,००० | ३३.३३ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,७४,६१,००० | १२,११,४१०.४० | ६.९४ |
| ३ | पूर्वाधार विकास | ७,३६,७१,००० | २,२२,०२,७०५.३९ | ३०.१४ |
| १ | यातयात पूर्वाधार | २,९२,५२,००० | १,०८,७१,१५० | ३७.१५ |
| २ | भवन, आवास तथा सहरी विकास | ३,७१,६९,००० | ९०,१६,३५५.३९ | २४.२६ |
| ३ | उर्जा | ६४,००,००० | १९,००,००० | २९.६९ |
| ४ | पुननिर्माण | ८,५०,००० | ४,१५,२०० | ४८.८५ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १,६६,५०,००० | १,३१,९९,७१४.९९ | ७९.२८ |
| १ | वातावरण तथा जलवायु | १६,५०,००० | ८,६९,००० | ५२.६७ |
| २ | विपद व्यवस्थापन | १,००,००,००० | १,००,००,००० | १०० |
| ३ | शान्ति तथा सुव्यवस्था | २८,००,००० | २३,३०,७१४.९९ | ८३.२४ |
| ४ | शासन प्रणाली | ३,००,००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ५ | प्रशासकीय सुशासन | १९,००,००० | ० | ० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,८४,१३,८२३.९८ | ६,०७,०४,३६८.६६ | ६१.६८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,८४,१३,८२३.९८ | ६,०७,०४,३६८.६६ | ६१.६८ |

**कोभिड जन्य महामारी लगायतका विपदबाट निम्नानुसार सिकाइहरु भएका छन:**

१. समयमै योजना तथा कार्यक्रम संचालन गर्नु पर्ने
२. विपद प्रकोपलाई ध्यानमा राखि योजना तर्जुमा गर्नु पर्ने
३. योजना निर्माण तथा कार्यान्वयनलाई संस्थागत क्षमता विकास गर्नु पर्ने
४. बजेट तयार गर्दा यथार्थपरक बनाउनु पर्ने

**बुढीनन्दा नगरपालिकामा कोभिड १९ दोस्रो चरणले सृजना गरेको परिवेशः**

कोभिड१९ दोस्रो चरणले विश्वव्यापी महामारीको रुप लिएसंगै विश्व तथा समग्र मुलुकहरुको अर्थतन्त्र ध्वस्त भएको परिपेक्षमा हाम्रो नगरपालिका पनि अछुत रहन सकेन, विभिन्न पेशा व्यसायमा रोजगारीमा संलग्न भएका नगरबासीको व्यवसाय तथा रोजगारी गुमेको अवस्था छ।

यस प्रतिकुलतथा विषम परिस्थितिमा वैदेशिक रोजगारीवाट फर्केका तथा आन्तरिक रुपमा रोजगारी गुमाएका व्यक्तिहरुलाई कृषि आधुनिकिकरण, भौतिक पुर्वाधार निर्माण तथा सामावेशी सामुदायिक आयोजनामा संलग्न गरि युवाहरुको ज्ञान सीप दक्षतालाई उपयोग गर्नसके बेरोजगारी समस्या धेरै हदसम्म समाधान हुने तथा कृषिको दिगो तथा भरपर्दो माध्यामवाट हाम्रो जस्तो कृषि परिवेश नगरपालिकामा समग्र विकासमा यसले ठुलो सहयोग गर्ने देखिन्छ।

विश्वव्यापी महामारी **(Covid 19)** प्रकोप एवम् महामारीको अवस्था अत्यन्तै कष्ठपुर्ण भएकाले यस बाट अगामी आ.व. मा देखिने सम्भावनाहरुको विश्लेषण देहाय बमोजिम गरिएको छ।

**महत्वपुर्ण सिकाई तथा यो वर्षका लागि संभावनाहरु :**

- विपत तथा प्रकोप एवं महामारीलाई समेत धान्न सक्ने गरि वलियो स्वास्थ्य संरचना तथा दक्ष एवं तालीम प्राप्त स्वास्थ्य कर्मीहरु र औषधी तथा चिकित्सकिय सामग्रीहरुको पुर्ण व्यवस्थापन गरिनु पर्ने,
- मानव संसाधन विकास र चेतनास्तरमा प्रवर्धन गरिनु पर्ने,

- ❖ खाद्यान्नमा नगरपालिका आत्मनिर्भर हुने स्थितीको सृजना तथा आयात कम र निर्यात वढी हुने स्थितिको सृजना गरिनु पर्ने,
- ❖ नगरपालिकामा रहेका सम्पुर्ण तथ्यांकहरु तथा सुचनाहरुको अधिकतम उपयोग गरि विष्लेषण गरिनुपर्ने
- ❖ महामारीजन्य परिवेशमा आवश्यकता अनुसारका रोकथाम, प्रवद्धन, तथा प्रक्षेपण जस्ता सुचनाहरुको पुर्णरुपमा व्यवस्थापन गरिनु पर्ने,
- ❖ विकास निर्माण तथा कृषिजन्य सवै कार्यक्रमवाट रोजगार तथा स्वरोजगारी सृजना हुने स्थिती अवस्थाको प्रत्याभुती गरिनुपर्ने,
- ❖ कोभिड १९ ले निम्त्याएको अवस्थावाट वचावटजन्य अवस्थाको निर्धारण सहितका सम्पुर्ण कार्यक्रम तथा सेवा सुविधाहरुमा निश्चित मापदण्डको निर्धारण गरिनुपर्ने,

**नगर सभाका अध्यक्ष तथा सदस्यज्यूहरु,**

अब म आगामि आ. व. २०७८/७९ मा आर्थिक वर्षका सम्भावनाहरु प्रस्तुत गर्न चाहन्छु।

- ❖ विकास निर्माणका कार्यहरुमा जनशक्तिको प्रर्याप्ता तथा जागरुकता
- ❖ स्थानीय सीप कला तथा प्रविधिका माध्यमबाट जीवनस्तरमा सुधार
- ❖ कृषि तथा पशुको आधुनिकिरण तथा व्यवसायिकिरण
- ❖ विपद प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन
- ❖ सीप मुलक तथा प्रविधिमैत्री विकास प्रति अभिप्रेरित
- ❖ प्राकृतिक स्रोत साधन सम्पदा को बहुउपयोग
- ❖ व्यवस्थीत स्वास्थ्य संरचना निर्माण तथा व्यवस्थापन

उल्लेखित सम्भावनाहरुको प्रत्याभुति बुढीनन्दा नगरपालिकामा रहनेछ।

**नगर सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु**

अब म आ.व. २०७८/०७९को योजना खाका प्रस्तुत गर्न चहाँन्छु।

<u>योजना खाका</u>

बुढीनन्दा नगरपालीकाको समग्र विकासका पक्षहरुलाई समेट्ने गरी तल उल्लेखीत क्षेत्रका योजनाहरुलाई नेपालको नीतिगत व्यवस्था, संघ तथा प्रादेशिक योजनाहरुलाई समेत समेटने सन्दर्भमा आगामी आ.व. मा पनि यीनै क्षेत्रहरुलाई निरन्तरता दिइनेछ तर लगानीको स्वरुप भने आवश्यकताको आधारमा अवश्य नै फरक पर्नेछ ।

**१.आर्थिक विकास क्षेत्रका** :यस क्षेत्र अन्तरगत कृषि, पशुपालन, सिचाई खाद्य तथा पोषण, वन तथा वातावरण, उद्योग वाणिज्य तथा आपूर्ति जस्ता क्षेत्रहरु समेटिएका छन।

**२.सामाजिक विकास क्षेत्रका :**यस क्षेत्र अन्तरगत जनसंख्या व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, महिला, बालवालिका, ज्येष्ठ नागरीक, युवा, खेलकुद, सामाजिक सुरक्षा, असाहय, अपाङ्गहरुको समग्र विकास सुनिश्चित गर्ने योजनाहरु समेटिएका छन।

**३.पूर्वाधार क्षेत्र :**यस क्षेत्र अन्तरगत तथ्याङ्क प्रणाली, योजना तर्जुमा, आयोजना बैक, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्वन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मुल्याँकन विषयसँग सम्वन्धित योजनाहरु प्रस्तुत गरिएका छन।

**४.लोकतन्त्र र सुशासनका क्षेत्रहरु :** यस अन्तरगत पालिका एकता, सुरक्षा, शान्ति र सुव्यवस्था, नेतृत्व निर्माण, निर्वाचन प्रणालीमा सुधार, मानवअधिकार, न्याय प्रणाली, स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, प्रशासकीय सुधार, वित्तिय सुधार, भ्रष्टचार निवारण, मानव वेचविखन तथा ओसार प्रसार अन्त जस्ता विषयका योजनाहरु समेटिएका छन।

**५.अन्तरसम्वन्धित क्षेत्र :** यस क्षेत्र अन्तर्गत गरिवी निवारण, श्रम तथा रोजगारी, मावन संशाधन विकास, अनुसन्धान तथा विकास, उद्यमशिलता विकास, समानता, समावेशीकरण, सामाजिक सुधार, सामाजिक संस्कृतिक विविधता, विपद व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसँग सम्वन्धित विषयहरु समेटिएका छन ।

**६.योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याँकन :** यस विषय अन्तरगत तथ्याँक प्रणाली, योजना तर्जुमा, आयोजना बैक, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्वन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मुल्याँकन विषयसँग सम्वन्धित योजनाहरु प्रस्तुत गरिएका छन ।

**७.महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन :** कोडिभ—१९ को संक्रमण नियन्त्रण कार्यक्रम, जनस्वास्थ्य चुनौती सम्बोधन कार्यक्रम, सुरक्षित शिक्षा कार्यक्रम ।

## नगरपालिकाको विकासका सिद्धान्तहरुः

बुढीनन्दा नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका मार्ग निर्देशक सिद्दान्तहरुको रुपमा अगिंकार गरी समृद्ध नगरपालिकामा रुपान्तरण गर्ने लक्ष्य निर्धारण गरेको परिवेशमा यस आ.व.मा भोग्न परेको **(Covid 19)** विश्वव्यापी महामारी र यसले सृजना गरेको अवस्थालाई समेत मुल्यांकन गर्दै प्राथमिकतामा सामान्य हेरफेर गरिएको छ।

१. गुणस्तरीय र प्राविधीयुक्त आधारभुत स्वास्थ्य सेवा
२. उत्पादनमुखि भु उपयोग नीति तथा कार्यान्वयन
३. दिगो विकास लक्ष्य हासील गर्ने
४.समावेशी शिक्षा नीति(प्रविधी मैत्री, गुणस्तरीय एवं प्राविधिक तथा सीपमूलक शिक्षा)
५. गरिबी न्युनिकरण तथा रोजगारी प्रवर्द्धन
६. समय सापेक्ष सूचना प्रविधी मैत्री
७. समाजवाद उन्मुख अर्थतन्त्र

८. समावेशी विकास सहितको समावेशी समाजको निर्माण
९. शुसाशन र सामाजिक विभेद अन्त्य गर्दै आत्म सम्मानको अधिकार सुनिश्चत गर्ने
१०.पर्यावरणीय पर्यटन
११. महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन

## बजेट, नीति तथा कार्यक्रमको प्रमुख विशेषता :

१. कोभिड १९ लगायत सबै प्रकारका महामारी र विपदबाट नगरबासीको जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासलाई निरन्तरता दिने कार्यलाई प्राथमिकता दिइएको छ।
२. स्वच्छ पानी पिउन पाउने नागरिकहरुको मौलिक हकलाई मध्येनजर गरेर स्वस्थ तथा स्वच्छ पिउने पानीलाई साम्पुर्ण जनताहरुको पहुँच सम्म पुर्याउन विशेष पहल गरिनेछ।
३. नगरको सुन्दरतालाई अभिवृद्धि गर्न र स्थायीय आयश्रोत निर्माणको लागि पर्यटन प्रवद्धनलाई महत्व दिईनेछ।
४. सवै वडाहरुको समुचित विकासको निम्ति समतामूलक रुपमा बजेट विनियोजन गरिएको छ।
५. बुढीनन्दा नगरपालिकालाई शिक्षाको निम्ति नमुना नगर वनाउन, शिक्षा र स्वाथ्यलाई गुणस्तरिय र सर्वसुलभ वनाउन, संस्कृत जगेर्ना गर्न, कृर्षि व्यवसायीकरण गर्न, पशुको व्यवसायीकरण गर्न सो क्षेत्रलाई प्राथमिकता दिई बजेट विनियोजन गरिएको छ।

### नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरुः

अव म नीति तथा कार्यक्रम निर्माणका क्रममा प्रमुख रुपमा लिईएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान,२०७२ मा भएका व्यवस्थाहरु,
- संविधानको अनुसुचि ८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचिहरुमा भएका व्यवस्था,
- पन्धौ पञ्चवर्षिय योजनाको आभारपत्र,
- दिगो विकासका लक्ष्यहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- केन्द्र सरकारवाट प्राप्त नीति, निर्देशन, परिपत्र र मार्गदर्शनहरु
- प्रदेश सरकारवाट प्राप्त नीति, निर्देशन, परिपत्र र मार्गदर्शनहरु
- नगर कार्यपालिकाले स्वीकृत गरेको नगर कार्यपालिका कार्यसम्पादन नियामावली तथा कार्य विभाजन नियामावली २०७४,
- स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७५,
- नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरु तथा राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरु
- विभिन्न राजनितक दल संघसस्था सामाजसेवि बुद्धिजिवि तथा नागरिक अगुवा वाट प्राप्त सुझावका आधारमा प्रस्तुत निति तथा कार्यक्रम तयार पारिएको हो।

## नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरुः

अब म आ. व. २०७८/०७९ मा तय गरिएका प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

**प्राथमिकताका क्षेत्रहरुः**

१. सडक पुर्वाधार निर्माण तथा स्तरोन्नती
२. स्वास्थ्य पोषण तथा सरसफाई
३. कृषिको आधुनिकरण तथा व्यवसायीकरण
४. सीपमुलक गुणस्तरीय तथा प्राविधिक शिक्षा
५. गरीबी न्युनीकरण तथा रोजगारी प्रवर्द्धन
६. वातावरण तथा विपद व्यवस्थापन
७. सुचना संचार तथा प्रविधि
८. कला संस्कृति तथा पर्यटकीय गन्तब्यहरुको सरंक्षण तथा सम्वर्धन
९. समावेशीकरण तथा समावेशी विकास
१०.सुसासन तथा सेवा प्रवाह
११. कोराना भाइरस **(Covid 19)** महामारी तथा प्रकोप नियन्त्रण

## नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरुः

अव म नीति तथा कार्यक्रम निर्माणका क्षेत्रगत रुपमा समिटिएका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१.आर्थिक विकास**

**क. कृषि विकास तथा पशु सेवा**

१. बन्दाबन्दीको कारणले आय,आर्जन,रोजगारीको क्षेत्रमा परेको असरलाई न्युनीकरण गर्न कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।
२. कृषि पेशालाई सम्मानित पेशाका रुपमा विकास गर्न "उत्कृष्ट कृषक सम्मान" कार्यक्रम संचालन गरिनेछ।
३. करेसाबारी खेतीलाई पर्वद्धन गर्न अभिमुखीकरण तथा तालिम व्यवस्था गरिनेछ।
४. सामुहिक तथा सहकारी कृषि पेशा खेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
५. कृषकहरुको क्षमता अभिवृद्धि प्राविधिक सेवा र जनचेतनामुलक कार्यक्रमको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
६. व्यवसायिक कृषिदर्ता प्रणाली अवलम्बन गर्दै व्यवसायिक कुखुरापालन, मत्स्यपालन माहुरीपालन, ब्राखापालन, वंगुरपालन, भेडापालन, च्याउँ खेती, तरकारी खेती लगायत दुग्धजन्य तथा मासु उत्पादनका लागि प्रोत्साहित गरिनेछ।(व्यवसायिक पशुपंक्षी प्रणालीको विकास)
७. खेती योग्य जमिनको गुणस्तर कायम राख्न प्राङ्गारिक खेतीको विकास तथा विस्तारलाई प्राथमिकता दिइनेछ।

८. कृषि तथा पशुजन्य प्राकृतिक प्रकोप महामारी नियन्त्रणका लागि उच्च सतर्कता अपनाईनेछ।

९. पशुनश्ल सुधार तथा व्यवस्थापनको लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ साथै स्थानीय पशुपंक्षीमा कृतिम र प्राकृतिक गर्भाधान सेवा विस्तार गरिनेछ।

१०. कृषि पोकेट क्षेत्र विस्तारका लागि एक वडा एक उत्पादन कार्यलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ।

११. पालिका स्तरमा कृषि पशुपंक्षी सम्बन्धी तथ्याकं संकलन व्यवस्थापन र सुचना प्रणालीको विकास गरिनेछ।

**ख. सहकारी**

१२. सरकारको तीन खम्बे अर्थ नीति अनुरुप सहकारी संस्थाहरुलाई प्रवर्द्धन गरिनेछ।

१३. नगरपालिकामा संचालित सहकारी संस्थाहरुले एकिकरण हुन चाहने सहकारी संस्थाहरुलाई आवश्यक सहजीकरण गरिनेछ।

१४. सहकारी संस्थाहरुलाई **(COPOMIS)** प्रविधिमा आवद्वता गरिनेछ।

१५. सहकारी संस्थामा बचत रसीप अभिवृद्धि गरि आय आर्जन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

**ग. उद्योग तथा वाणिज्य**

१६. घरेलु तथा साना उद्योगको विकास र पर्वद्धनका लागि दर्ता प्रकिया अवलम्बन गरीनेछ।

१७. रोजगारीका क्षेत्र विस्तार गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

१८. व्यवसायिक फर्म,पसल दर्ता,अनुमिति नबिकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ।

**घ. पर्यटन क्षेत्र**

१९. नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको उचित संरक्षण सम्वर्द्धन तथा प्रचार प्रसार गरिनेछ।

२०. यस नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहाँसिक धाँर्मिक प्राकृतिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको स्तरोन्नति तथा मर्मत संभार गर्ने कार्यलाई निरन्तरतादिइनेछ।

**२.सामाजिक विकास**

**क. स्वास्थ्य पोषण तथा सरसफाई**

२१. कोभिड १९ लगायत सबै प्रकारका महामारीबाट जन-स्वास्थ्यलाई जोगाउन स्वास्थ्य सम्बन्धी उच्च प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछन्।

२२. गुणस्तरीय स्वस्थ्य सेवालाई सुनिश्चित गर्न आवश्यक औषधी उपकरण खरिद भौतिक संरचना निर्माण मानव संसाधनको विकासका साथै घुम्ती स्वास्थ्य सेवा संचालन गरिनेछ।

२३. स्वास्थ्य सेवा लाई थप प्रभावकारी बनाउन विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु संग आवश्यक सहकार्य गरिनेछ।

२४. कोरोना लगायतका महामारीका आधारमा पालिकामा संचालन गरिने स्वास्थ्य लगायत विकासका सम्पुर्ण गतिविधिहरुमा रोकथाम, वचावटका उपायहरुलाई अनिवार्य रुपमा

अवलम्वन गरिनेछ,यसका लागि प्रत्येक क्रियाकलापहरुमा योजना तर्जुमा देखि कार्यान्वयनका हरेक पक्षहरुमा स्वास्थ्य विशेषज्ञको अनिवार्य सहभागिता सहित सल्लाह अनुसार संचालन गरिनेछ।

२५. पालिका स्तरीय खाद्य सुरक्षा व्यवस्थापन सुरक्षा समित गठन गरिनेछ,साथै खाद्य सुरक्षा संरक्षणका सम्बधमा आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरि लागु गरिनेछ।

२६. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ।

२७. जन-स्वास्थ्य,आपतकालीन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग एवं महामारीको नियन्त्रण योजना तयार गरि आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

२८. स्वास्थ्य चौकीबाट विपद वा माहामारीको समयमा संभव भएसम्म अधिकतम स्वास्थ्य सुविधा उपलब्ध गराउन प्रबन्ध मिलाइनेछ।

२९. विश्व व्यापी माहामरीका रुपमा फैलिएको कोरोना **(Covid 19)** रोग नियन्त्रणको पहिलो घेरामा खटिएर काम गरिरहेका राष्ट्र सेवक कर्मचारीहरुलाई प्रोत्साहनको आवश्यक व्यवस्था गरिनेछ।

३०. नेपाल सरकारको नीति अनुरुप संचालनमा रहेका स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

३१. नेपाल सरकारको नीति अनुरुप आम नगरवासी नागरिकलाई योग अभ्यास र शारीरिक व्यायाम सहितको योग केन्द्र स्थापन गर्न पहल गरिनेछ।

३२. स्वास्थ्य संस्थाहरुमा कार्यरत अनमीहरुलाई SBA तालिमको लागि आवश्यक पहल गरिनेछ ।

३३. HIV संक्रमित व्यक्तिहरुलाई यातायात खर्च स्वरुप सहयोग उपलब्ध गराइनेछ ।

३४. गर्भवती तथा सुत्केरी महिलासँग उप-प्रमुख सुत्केरी कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३५. आम नागरिकलाई सहज, सर्वसुलभ रुपमा उपचार तथा औषधि उपलव्ध गराउनका लागि प्राथमिक स्वास्थ्य केन्द्र, कोल्टीमा आगामी आ.व २०७८।०७९ देखि एम्वुलेन्स सेवा तथा फार्मेसिको व्यवस्था गरिनेछ ।

**ख. शिक्षा युवा तथा खेलकुद**

३६. कोभिड १९ का कारण शिक्षा क्षेत्रमा पर्न गएको असरलाई न्युनीकरण गर्न शैक्षिक क्रियाकलापहरुलाई सुरक्षित हिसाबले सुचारु राख्न आवश्यक व्यवस्था मिलाइनेछ।

३७. विद्यायार्थी संख्या तथा विद्यालयको नक्साङ्कनका आधारमा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य अगाडि बढाइनेछ।

३८. विश्वव्यापी महामारी कोरोना **(Covid 19)** ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई न्युनीकरण गर्न मनोबैज्ञानिक परामर्शका कार्यक्रम संचालन गरिनेछन।

३९. विद्यालयहरुलाई क्रमश: प्रविधिमैत्री बनाउँदै लागिनेछ साथै विद्यालयहरुमा सीप मुलक तालिम संचालनका लागि प्रोत्साहन गरिनेछ।

४०. शैक्षिक क्षेत्रको गुणस्तर वृद्घि गर्न शिक्षा तथा बाल बालिका संग सम्बन्धित अन्तर्राष्ट्रय सन्धी सम्झौता तथा कार्यक्रम (**बालअधिकार महासन्धी,SDG,SSDP**)तथा दिवा खाजा लगायतका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

४१. सामुदायिक विद्यालयहरुको शैक्षिक पुर्वाधार निर्माण मर्मत संभार कार्यलाई निरन्तरता दिदै (जेष्ठ नागरिक तथा अंपागता भएका व्यक्तिका लागि) समावेशी संरचना निर्माण गर्दै लगिनेछ।

४२. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालयमा प्रवेश गराउनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछन।

४३. खेलकुद कार्यक्रम संचालनको लागि आवश्यक सहयोग गरिनेछ ।

४४. युवाहरुलाई लागुपदार्थ दुर्व्यसनी वाट वचाउनत था उद्यमशीलता विकास गर्न युवा लक्षित बिशेष कार्यक्रम संचालन गरिनेछ।

## ग. लैगिंक समानता र सामाजिक समावेसीकरण

४५. बन्दाबन्दीको प्रतिकुल असरमा परेका महिला,अशक्त,अंपागता,असाहय,विपन्न नागरिकको सरक्षंणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४६. जेष्ठ नागरिकलाई सम्मान गर्दै ज्ञान सिप र अनुभवलाई ग्रहण गरिनेछ।

४७. जोखिममा परेका महिला तथा बालबालिकाहरुलाई सहयोगको निम्ति राहत कोष स्थापना गरिनेछ

४८. एकल महिला तथा उद्यमी महिलाहरुलाई बिउ पुँजि कोष (Seed Fund) स्थापना गरी उद्यमी महिलाहरुलाई उद्यम शुरुवात गर्न सामग्री तथा नगद सहयोग गरिनेछ ।

४९. सामाजिक कु-संस्कार र विकृतिका रुपमा रहेका छाउपडी प्रथा, छुवाछुत, बालिवबाह,लैङ्गिक हिंसा, मानव बेचविखन, धुमंपान मद्यपान र लागु पदार्थ सेवन जस्ता कुरीतिहरुलाई न्युनिकरण गर्न आवश्यक पहल गरिनेछ।

५०. सक्षम छोरी छात्रवृती कोष स्थापना गरी प्राविधिक शिक्षा पढ्ने छात्राहरुलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

५१. छाउगोठ भएका घर धनी, छाउगोठमा बस्ने महिला तथा बस्न बाध्य गराउने जो कोहीलाई नगरपालिकाबाट दिइने सेवा-सुविधाबाट बन्चित गराइनेछ ।

५२. प्रत्येक वडामा कम्तिमा एउटा शतप्रतिशत महिला सहभागिता भएको उपभोक्ता समिति गठन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५३. संविधान प्रदत्व मौलिक हक कार्यान्वयन गर्न वालवालिकाका लागि आवश्यक कार्यक्रमहरु गरिनेछन्।

## घ. कला तथा सँस्कृति प्रवर्द्धन

५४. कला,साँस्कृति पर्वधन तथा विकासका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ।

५५. स्थानीय जात्रा तथा साँस्कृतिक पर्वका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**ङ. खानेपानी तथा सरसफाई**

५६. स्वच्छ खानेपानी स्वस्थ जीवनशैली भन्ने अभियानलाई सार्थक तुल्याउन सरसफाई सम्बन्धी बिशेष कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिनेछन्।

५७. नगरपालिकाका सबै वडाहरुमा स्वच्छ पिउने पानी उपलब्ध गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछन्।

५८. सफा र सुन्दर नगरपालिका पहिचान कायम गर्न फोहर व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ।

**च. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सुदृढिकरण**

५९. सामाजिक सुरक्षा भत्ता तथा घटना दर्ता सुदृढिकरण कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ।

६०. पुराना व्यक्तिगत घट्ना दर्ता किताब डिजिटलाइज गरि अब हुने सम्पुर्ण घटना दर्ता पुर्ण रुपमा अनलाइन प्रणाली मार्फत गरिनेछ साथै सहज पहुँच पुर्याउनसुचना, संचार तथा पहुँच अभियान संचालन गरिनेछ।

६१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी बनाउन बैंकिंग प्रणाली मार्फत सहज हुने गरी वितरण गरिनेछ।

**छ. सरकारी तथा गैर सरकारी संस्था**

६२. यस नगरपालिका भित्र संचालनमा रहेका तथा संचालन हुन चाहने अर्ध सरकारी गैर सरकारी संस्थाहरु का लागि एकद्वार प्रणाली अवलम्बन गरिनेछ।

६३. निजी,गैर-सहकारी तथा सामाजिक संघ सस्थाहरुलाई सहजीकरणका लागि समन्वय डेस्क संचालनका साथै आवश्यक मापदण्ड निर्धारण गरि कार्यक्रम संचालन गरिनेछन्।

**३. पूर्वाधार विकास**

**क. सडक/पुल/भवन/सिंचाई**

६४. नगरपालिका क्षेत्र भित्रका सडकहरु कटान गरी फराकिलो तथा व्यवस्थित सडकको रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६५. नगरपालिका भित्र सबै वडालाई समेटिने गरि मुल सडक स्तरोन्नतीको कार्यलाई प्रभावकारीताका साथ तिव्रता दिइनेछ ।

६६. पालिका भित्र निमार्णधिन अवस्थामा रहेका सडक,पुललाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित निकायमा विशेष पहल गरिनेछ।

६७. बाजुरा सदरमुकाम मार्तडी देखि कोल्टी बजार हुँदैं पिलुचौर सम्म मुल सडक निर्माण गर्न सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।

६८. यस नगरपालिकालाई व्यवस्थित नगरको रुपमा विकास गर्न भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२,लाई कडाईका साथ कार्यान्वयन गरिने छ।सोही बमोजिम तोकिएको मापदण्ड पुरा भएमा मात्र

नक्शा पास गरिने छ। वस्ती विकास, शहरीयोजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड,२०७२माव्यवस्था भए बमोजिम नगरपालिका हुनुभन्दा पहिले बनिसकेका घरहरुको हकमा अभिलेखीकरणका लागि नक्शा पेशगर्न लगाईनेछ।

६९. नगरपालिका क्षेत्र भित्रको भौतिक पूर्वाधार विकास सम्बन्धि योजना संकलन गरि योजना बैङ्क तयार गरि प्राथमिकताका आधारमा सम्पन्न गर्दै लगिनेछ।

७०. नगरपालिका भित्र आधुनिक सिचाई प्रविधि उपयोगमा ल्याउनका लागि आवश्यक पहल गरिने छ।

**ख. उर्जा**

७१. बैकल्पिक उर्जाको रुपमा रहेको सडक सौर्य बत्ती जडान कार्यलाई अगाडी बढाइनेछ।

७२. सुधारिएको चुलो तथा वैकल्पीक उर्जाका कार्यक्रमहरु संचालन गरिनेछन्।

## ४. भु-उपयोग, वातावरण तथा विपद व्यवस्थापन

**क. भू-उपयोग**

७३. नेपालसरकारको नीति अनुरुप **"सम्पुर्ण जग्गाको वर्गीकरण कृषि योग्य जग्गाको संरक्षण"** अभियान संचालन गर्न भू-उपयोग नक्सा तथा डाटावेस तयार गरिनेछ।

७४. भुमिहिन तथा सुकम्वासी हरुको समस्या समाधानका लागि आवश्यक पहल गरिनेछ।

**ख. वन तथा वातावरण**

७५. नेपाल सरकारको नीति अनुरुप **समवृद्धिको लागि वन** कार्यक्रमलाई कार्यान्वयन गर्न पहल गरिनेछ।

७६. नगरपालिका भित्रका वन क्षेत्रमा हुने पशुपंक्षी तथा बन पैदावार चोरी शिकारी नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ।

७७. वृक्षारोपण गरी GREEN CITY बनाउन आवश्यक पहल गरिनेछ ।

७८. वन सुरक्षागर्न व्यापक वृक्षारोपण र वन विविधिकरणको माध्यमवाट वातावरण जोखिम न्यून गरि वनको बहुउपयोग गर्दै जैविक विविधताको सरंक्षण गरिनेछ।

**ग. विपद तथा प्रकोप व्यवस्थापन**

७९. स्थानीय प्रकोप विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

८०. कोभिड १९ लगायत भबिष्यमा आउन सक्ने अन्य प्रकोप व्यवस्थापनका लागि जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरिनेछ।

८१. नगरपालिकाभित्रका जोखिम क्षेत्र पहिचान गरिएका वडामा एक विपद सुरक्षित स्थल किटान गरि पूर्वाधार विकासका लागि पहल गरिने छ।

८२. नगर प्रमुख सपोर्ट अन द स्पोर्ट कार्यक्रम संचालन गरिनेछ ।

## ५.गरिबी न्युनिकरण तथा रोजगारी प्रवर्द्धन

८३. कामको सम्मान,स्वरोजगार,उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन,युवा उद्यमशीलता विकास गर्दै लगिनेछ।

८४. रोजगार सेवा केन्द्रमासुचिकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा संलग्न गराउन श्रममुलक समुदायिक आयोजनामार्फत सामाजिक संरक्षणको व्यवस्था गर्दै क्षमता विकास कार्यक्रम संचालन गरिनेछन्।

८५. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमाअपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तारगरिनेछ।

८६. युवा तथा शैक्षिक बेरोजगारलाई प्रथमित्तामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

८७. रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारीबनाइनेछ।

८८. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई हरेक संचालित आयोजनामा२५ प्रतिशत श्रमिकलाई परिचालन गर्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ।

८९. **"युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना"** तथा **"कामका लागि पारिश्रमिक"** आधारित सामुदायिक आयोजना संचालनलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

९०. प्रधामन्त्री रोजगार कार्यक्रम **"कामका लागि पारिश्रमिक,कामका लागि खाद्यन्न"** जस्ता सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु संग साझेदारीका लागि आवश्यक पहल गरिनेछ।

## ६. संस्थागत विकास तथा सेवा प्रवाह

### क. सुशासन सेवा प्रवाह तथा मानव संसाधन विकास

९१. नागरिक वडापत्रलाई व्यवस्थित तुल्याई सेवा प्रवाह गरिनेछ।

९२. स्वास्थ्य सुरक्षा समेतलाई सम्बोधन हुने गरि नगरपालिका बाट प्रदानहुने सम्पुर्ण प्रणालीमा सुधार ल्याइनेछ।

९३. कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

९४. सेवा प्रवाहमा विशिष्टिकरण गर्दै सेवा प्रवाहमा संम्बन्धित कर्मचारीलाई नै जिम्मेवार बनाईनेछ।

९५. कर्मचारीको पदिय आचरण र मर्यादा कायम गर्नका लागि कर्मचारी आचार संहिता लागु गरिनेछ।

### ख. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

९६. कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्रनेन्स सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

९७. महामारी जन्य अवस्थालाई अन्तर सम्वन्धित विषयको रुपमा स्वीकार गर्दै सुचना तथा संचार क्षेत्रमा सोही अनुरुपका गतिविधिहरु संचालन गरिनेछन्।

९८. नगरपालिकाको गतिविधिहरु नगरवासी समक्ष पुर्याउन सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

९९. नगरपालिकाका सवै प्रगति तथा अभिलेखहरु विधुतीय प्रणालीमा राखिनेछ।

१००. घरधुरी सर्वेक्षण मार्फत उपलव्ध तथ्यांकहरुलाई आधारमानी योजना तर्जुमा लगायत उपलव्धीहरुको विश्लेषण गरिनेछ र यो सुचना प्रणालीलाई प्रत्येक समयमा अध्यावधिक गरिनेछ।

१०१. दरभावपत्र र  वोलपत्र आव्हानगर्दा विद्युतीय माध्यम प्रयोग गरिनेछ।

**ग. सुरक्षा व्यवस्थापन**

१०२. नेपाल प्रहरी संगको समन्व्य तथा सहकार्यमा नगरपालिका भित्र सुरक्षाको प्रत्यभूति हुनेगरि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन।

**घ. न्याय संम्पादन**

१०३. न्यायिक समितिको क्षमता अभिवृद्धिकालागि संचालित कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी वनाइनेछ।

१०४. न्यायिक समितिमा परेका उजूरीहरुलाई मेलमिलापकर्ता परिचालन गरि सामुदायिक रुपमा नै निरुपण गर्ने व्यवस्था मिलाइनेछ साथै मेलमिलापकर्तालाई आवश्यक प्रोत्साहन गरिनेछ।

१०५. मेलमिलाप कर्ताहरुको सुचिदर्ताको व्यवस्था गरि विवादलाई निश्पक्ष, शुद्वता र शिघ्र कार्य सम्पादन गर्न व्यवस्था मिलाइनेछ।

**६. वित्तिय व्यवस्थापन र सुशासन**

**क. आन्तरिक तथा अन्तिम लेखा परिक्षणर बेरुजु**

१०६. पुरानो बेरुजु  रकमहरु नियमित गर्ने कार्यमा विषय विज्ञको समेत राय सल्लाह लिई पुरानो बेरुजु तथा फछ्यौंट कार्यलाई तिब्रता दिइनेछ।

१०७. समायमा नै पेश्की तथा बेरुजु नियमित तथा फछ्यौंट गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

**ख. लेखाङ्कन तथा राजश्व परिचालन**

१०८. व्यवस्थित लेखा प्रणलीको प्रभावकारी कार्यान्वयनका लागि कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

१०९. नगरपालिका भित्र संचालनमा रहेका सवारी साधन तथा अन्य साधनहरुको दर्ता प्रक्रिया अगाडि बढाई राजस्व वृद्धि गरिनेछ।

११०. आन्तरीक आयमा वृद्धि गर्नको लागि व्यवसाय कर,प्राकृतिक स्रोत उपयोग कर लगायतका अन्य कर असुलिमा विशेष जोड दिइनेछ ।

१११. राजश्व संकलन तथा करदाताको अभिलेख ब्यवस्थित बनाईनेछ साथै उत्कृष्ट करदाताको सम्मान गरिने नीति लिदैं कर-नीति वातावरणको व्यवस्था मिलाइनेछ।

११२. नगरपालिकाले लगाउदै आएको राजस्व दरमा समायानुकुल समायोवजन गरिनेछ।

**ग. वित्तिय सुशासन तथा जोखिम न्यूनकरण**

११३. अनावश्यक खर्च नियन्त्रणमा जोड दिईनेछ।

११४. खरिद प्रकृयालाई प्रतिशप्रधि पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ।

११५. आर्थिक कार्य प्रणाली लाई चुस्त दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिनेछ।

११६. आर्थिक क्रियाकलापको मासिक, चौमासिक र वार्षिक विवरणहरु सूचना पार्टी तथा बेवसाईटवाट सार्वजनिक गरिनेछ।

**घ. सार्वजनिक परिक्षण र सामाजिक परीक्षण**

११७. स्थलगत रुपमा सबै कार्यक्रम आयोजनाहरुको सार्वजनिक लेखा परिक्षण गरेर मात्र आयोजना कार्यक्रमहरु फरफारक गरिनेछ ।

११८. विषय विज्ञहरुको समेत सेवा लिइ पालिकाले आर्थिक वर्ष भरी गरेका सम्पुर्ण कार्यक्रमहरुको अर्को आर्थिक वर्षको पहिलो चौमासिक भित्र सामाजिक परिक्षण गर्ने परिपाटी अवलम्बन गर्नेछ ।

**ङ. सार्वजनिसक सुनुवाई**

११९. चौमासिक रुपमा सार्जनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथासिघ्र संबोधन गरिनेछ।

१२०. गुनासो अभिलेख उजूरी पेटिका सुझाव पेटिका लगायतको व्यवस्थित रुपमा कार्यालयमा व्यव्स्थापन गरि सोही अनुरुप कार्य संचालन गरिनेछ।

१२१. सेवा प्रवाह र कार्यालयको काम कारवाहीलाई नगरवासीलाई नियमित रुपमा प्रविधिका माध्मवाट सुसुचित गरिनेछ।

**अध्यक्ष महोदय तथा सदस्य ज्यूहरु**

अव म आ.व.०७६/७७ को यथार्थ आय-व्यय विवरण,चालु आर्थिक वर्ष०७७/०७८ को संशोधित आय-व्यय विवरण रआगामी आर्थिक वर्ष ०७८/०७९को प्रस्तावित आय-व्यय विवरण साराशंमा प्रस्तुत गर्न चाहान्छु।

गत आ.व.०७६/०७७ यथार्थ आय ३९ करोड १६ लाख ८९ हजार ,आ.व.०७७/०७८ को शंसोधित आय ४७ करोड २४ लाख ३८ हजार र आगामी आ.व.०७८/०७९ को प्रस्तावित आय ४४ करोड ८३ लाख ४३ हजार र गत आ.व..०७६/०७७ को यथार्थ व्यय ३६ करोड २४ लाख ७२ हजार ,आ.व..०७७/०७८ को संशोधित व्यय ४२ करोड २४ लाख ३८ हजार ५ सय र आगामी आ.व..०७८/०७९ को प्रस्तावित व्यय. ४४ करोड ८३ लाख ४३ हजार. पेश गरेको छु।जस अनुसार २०७८/०७९ मा नगरपालिका आन्तरिक श्रोत तर्फ रु. २५ लाख.,वित्तीय समानिकरण संघ बाट रु११ करोड १७ लाख. वित्तीय समानिकरण प्रदेशबाट रु ८१ लाख १५ हजार., राजस्व बांडफांड संघबाट रु.७ करोड ७३ लाख ८८ हजार, राजस्व बांडफांड प्रदेश बाट रु.५४ लाख ९७ हजार. समपुरक अनुदान संघ ८९ लाख प्रदेशबाट रु ६१ लाख ४३ हजार,सशर्त अनुदान १८ करोड १३ लाख ,विशेष अनुदान संघ ८३ लाख, विशेष अनुदान प्रदेशसरकार ३५ लाख र गतको मौजदात ३ करोड ५० लाख गरी जम्मा रु. ४४ करोड ८३ लाख ४३ हजार आय अनुमान गरिएको छ।साथै यस नगरपालिकामा गैरसकारी संस्थाहरुको आगामी आ.व.०७८/०७९ को लागि २ करोड २५ लाख ८९ हजार ४ सयको कार्यक्रम गर्ने गरि आय अनुमान गरिएको छ।

नगरपालिकाको कुल वजेट ४४ करोड ८३ लाख ४३ हजार मध्ये चालु खर्चमा रु २९ करोड ३२ लाख ९५ हजार र पुँजिगत खर्चमा रु १५ करोड ५० लाख ४८ हजार विनियोजित गरिएको छ । जस अनुसार आर्थिक विकासमा रु ३ करोड ५१ लाख ९० हजार ,सामाजिक विकासमा रु १९ करोड २७ लाख ७० हजार, भौतिक पुर्वाधारमा रु १० करोड १५ लाख ५३ हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु ८९ लाख १० हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा रु १० करोड ९९ लाख २० हजार मात्र विनियोजन गरिएको छ। आर्थिक विकास अन्तरगत कृषीमा रु ७८ लाख ४० हजार, उद्योगमा रु ३५ लाख, पर्यटन सहकारी जलस्रोत सिंचाइमा रु २ करोड ११ लाख, सामाजिक विकास अन्तर्गत शिक्षा युवा खेलकुदमा रु १० करोड ९१ लाख ६० हजार, स्वास्थ्यमा रु ३ करोड ६९ लाख ५० हजार, खानेपानी तथा सरसफाइमा रु १ करोड ४६ लाख , सामाजिक सुरक्षा तथा सुरक्षणमा रु ३ करोड २० लाख, पुर्वाधार विकास अन्तर्गत यातायात पुर्वाधारमा रु ३ करोड ४२ लाख ४३ हजार, भवन आवास तथा सहरी विकासमा ६ करोड ३ लाख, उर्जा पुर्ननिर्माणमा रु ६३ लाख ६० हजार र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत प्रशासकीय सुशासन वित्तिय सुशासन शान्ति सुव्यवस्था तथ्यांक प्रणाली र विपदमा रु ८९ लाख १० हजार बाँडफाँड गरिएको छ ।

यस गरिमामय पाँचौ नगरसभाबाट भएका महत्वपूर्ण निर्णयहरु,नगरसभाबाट स्वीकृत बुढीनन्दा नगरपालिकाको आर्थिक ऐन २०७८, विनियोजन ऐन २०७८, आगामी आर्थिक वर्ष २०७८/०७९ को योजना तथा वार्षिक बजेटको विस्तृत विवरण वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिनेछ। नगरपालिकाबाट तयार गरिएको नगरपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम यसै वजेट नीति तथा कार्यक्रमका साथ पेश गरेको छु।

**अध्यक्ष महोदय तथा सदस्यज्यूहरु**

हाम्रो जस्तो प्रजातान्त्रिक देशहरुमा स्थानिय तहहरुलाई लोकतन्त्रको आधार स्तम्भको रुपमा लिइन्छ।अहिले स्थानिय तहहरु अधिकार सम्पन्न भएका छन् र हामी बुढीनन्दा नगरपालिकाको विशिष्टताका आधारमा कार्ययोजना तर्जुमा गरि कार्यान्वयन गर्न स्वतन्त्र छौं।यस्तो परिस्थितिमा हामीहरु हाम्रा नागरिक तथा भविष्यका सन्ततीहरुलाई लोकतान्त्रीक पद्वति, विकास बुढीनन्दा नगरवासीको सर्वोपरि हितका निम्ति जिम्मेवार हुनु अनिवार्य छ।
अन्तमा बुढीनन्दा नगरपालिकाको समग्र विकासका लागि सहयोग पुऱ्याउने नेपाल सरकार,सुदुर पश्चिम प्रदेश सरकार, विषयगत कार्यालयहरु, दातृ निकायहरु, राष्ट्रिय तथा गैरसरकारी संस्थाहरु, नीजि क्षेत्र तथा नागरिक समाज प्रति हार्दिक आभार प्रकट गर्दछु।

यो बजेट नीति तथा कार्यक्रम निर्माण गर्न आफ्नो अमुल्य सल्लाह, सुझाव प्रदान गर्नुहुने नगरपालिका नगर प्रमुख,विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, वडा अध्यक्ष

ज्यूहरु, कार्यपालिका सदस्य ज्यू हरु, वडा सदस्य ज्यूहरु, यस नगरपालिका क्षेत्रका लब्ध प्रतिष्ठीत व्यक्तित्वहरु,नगर स्तरीय राजनैतिक दलका प्रमुखज्यूहरु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित राष्ट्रसेवक कर्मचारीहरु र सम्पुर्ण नगरवासीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु साथै आगामी दिनहरुमा बुढीनन्दा नगरपालिकाको सर्वाङ्गिण विकासका लागि यहाँहरुको सहयोग र सक्रिय सहभागिता प्राप्त भइरहने अपेक्षा गरेकोछु।

अन्तमा यस पाँचौ नगरसभाका अध्यक्षज्यू, वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यू ,वडा सदस्यज्यू, कर्मचारी वर्ग ,समाजसेवी, नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग प्रति धन्यवाद दिदैं आफ्नो वजेट, नीति तथा कार्यक्रम यहि अन्त्य भएको जानकरी गराउंदैं विदा हुन्छु।

धन्यवाद।